


राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३३२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस १० गते बिहीबार ❑ 25 Dec. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## पोखरा २१ काफलबोटे क्षेत्रमा डेढ करोडको सुन्तला उत्पादन

**पोखरापत्र संवाददाता**
पोखरा, ९ पुस

पोखरा महानगरपालिका वडा नम्बर २१ स्थित काफलबोटे क्षेत्रमा यस बर्ष करिब डेढ करोडको सुन्तला उत्पादन भएको छ । केही बर्ष अघिसम्म मकै र कोदो खेति समेत राम्रो नहुने उक्त क्षेत्रमा हाल सुन्तला खेतीबाट स्थानियले लाखौं आम्दानी गर्न सफल भएसंगै यस बर्ष सो क्षेत्रमा करिब १ करोड ५० लाखको सुन्तला उत्पादन भएको स्थानिले बताउनु भयो ।



काफलकोट क्षेत्रमा करिब १६ घरपरिवारमा सुन्तला खेती गर्दै आएको स्थानीय इन्द्रप्रसाद सुवेदीले बताउनु भयो । सुवेदी जस्ता सुन्तला उत्पादन गर्ने किसानले वार्षिक रूपमा सुन्तलाबाट लाखौं आम्दानी गर्न सफल हुनु भएको उहाँले जनाउनु भयो । आफूहरूले उत्पादन गरेको सुन्तला रसिलो र गुलियो तथा गुणस्तरिय भएका कारण सिधै काठमाडौंसम्म अत्याधिक माग भएको सुवेदीले उल्लेख गर्नुभयो । निर्वाहमुखि मकै र कोदो उत्पादन हुँदै आइरहेको सो क्षेत्रमा स्थानीय किसानहरूले पोखरा महानगरपालिका, कृषि ज्ञान केन्द्र लगायतका विभिन्न संघसंस्थाको सहयोगमा सुन्तला खेती गर्दै आएपछि पछिल्लो क्रममा सुन्तला उत्पादन हुने गरेको स्थानीय किसानहरु बताउनु हुन्छ । पोखरा २१ कृस्ती क्षेत्रमा सम्भवत सबै भन्दा धेरै सुन्तला उत्पादन गर्ने प्रकाश पौडेल रहनु भएको छ । उहाँको बगैचामा नयाँ र पुराना गरेर हाल ७ सय भन्दा बढी बोटहरू रहेका छन् भने अधिकांश सुन्तलाको वोटबाट उत्पादन लिन थालिसकेका छन्। यस वर्ष उहाँले करिब ११ लाखको सुन्तला बिक्री गर्नुभयो । बादर सहित सुन्तलामा लाग्ने रोग (सिट्रस ग्रिनिङ) र असिनाबाट बचाउनु आफूहरूलाई निकै चुनौती रहेको उहाँले बताउनु भयो । स्थानिय लक्ष्मीपति सुवेदीको यस वर्ष १ सय २० वटा नयाँ बिरुवा सहित जम्मा २२० वटा बोटमा सुन्तला उत्पादन भएको छ । बाँकी करिब १० देखि १२ वर्ष पुराना सुन्तलाका बोटहरुबाट सुन्तला उत्पादन भइरहेको छ । त्यस्तै स्थानीय गणेश पराजुले १ सय ५० वटा सुन्तलाका बोटबाट यस वर्ष करिब ३ लाख ५० हजार मूल्य बराबरको सुन्तला उत्पादन गर्नुभयो । पोखरा महानगरपालिकाले पोखरा क्षेत्रमा उत्पादन हुने गरेको सुन्तलामा पछिल्लो क्रममा विभिन्न रोग लागेका कारण सुन्तला मासिँदै जाँदा विभिन्न प्रवर्दनात्मक कार्यक्रम अन्तर्गत पोखरा २१ कृषि क्षेत्रमा विशेष कार्यक्रम आयोजना गरेको थियो । महानगरले केही वर्ष अघि करिब ४ देखि ५ वर्षसम्म लगातार सुन्तलाको बोट संरक्षण र सम्बर्धनका लागि विभिन्न अभियान अन्तर्गत १ करोडभन्दा बढी अनुदान कार्यक्रमहरू सो क्षेत्रमा सञ्चालन गरेको पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा प्रमुख मनोहर कडरियाले बताउनु भयो । महानगरको लगानी अनुसार हाल सो क्षेत्रमा लटरम्मै बोटमा धान्न नसकिने गरी सुन्तला फलेर पहेल पुरै भएको उहाँले जनाउनु भयो । पोखरा महानगरपालिका क्षेत्रमा उत्पादन भएको करिब १० करोड बराबरको सुन्तलाको कारोबार हुने आर्थिक महाशाखा प्रमुख कडरियाले दाबी गर्नुभयो । पोखरा क्षेत्रमा कागती सहित सुन्तला करिब ४ हजार मेट्रिकटन वार्षिक रुपमा उत्पादन हुने गरेको समेत कडरियाले दाबी गर्नु हुन्छ । पोखराको कृष्ति क्षेत्रमा आजभन्दा करिब ८० बर्ष अगाडि स्थानीय तीर्थराज सुवेदीले व्यावसायिक रूपमा सुन्तला खेती गरेको स्थानीयहरू बताउनु हुन्छ ।यसैबिच, सुन्तलाको प्रबर्द्धन गर्न पोखरा २१ को आयोजनामा यही पुष १० गते पहिलो सुन्तला महोत्सव हुने भएको पोखरा २१ का वडाध्यक्ष दिपक प्रसाद सुवेदीले बताउनुभयो ।

## प्रतिनिधिसभा पुनःस्थापनासम्बन्धी सबै रिटमा एकैसाथ सुनुवाइ हुने

**रासस**
काठमाडौं, ९ पुस

सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनःस्थापनाको माग गर्दै दायर भएको पुरक रिट निवेदनलाई पनि एकैसाथ राखेर सुनुवाइ गर्ने भएको छ ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीहरु हरिप्रसाद फुँयाल, मनोजकुमार शर्मा र नहकुल सुवेदीको संवैधानिक इजलासले बुधबार नेपाली कांग्रेसका निर्वतमान ८ सांसदले दायर गरेको पुरक रिट निवेदनलाई एकैसाथ राखेर सुनुवाइ गर्ने आदेश गरेको हो । सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाअनुसार प्रतिनिधिसभा पुनःस्थापनाको माग गर्दै कांग्रेसका ५७ जना पूर्वसांसदले रिट निवेदन दायर गर्नुभएको थियो । विघटित संसद्का कांग्रेस प्रमुख सचेतक श्यामकुमार घिमिरे, सचेतक सुशीला थिङसहित आठ जना पूर्वसांसदले दिएको अघिल्लो निवेदनका साथ सरिक हुन पाउँ भनी पुरक निवेदन दिनुभएको थियो ।

संसद् पुनःस्थापनाको माग गर्दै यसअघि दायर १७ वटा रिटमा राष्ट्रपति कार्यालय, प्रधानमन्त्री, सभामुख लगायतबाट लिखित जवाफ आइसकेको छ ।

## राष्ट्रियसभा निर्वाचनः निर्वाचन अधिकृत नियुक्त

**रासस**
काठमाडौं, ९ पुस

निर्वाचन आयोगले आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि सात प्रदेशमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्नका साथै निर्वाचन अधिकृत पनि नियुक्त गरेको छ ।

आयोगले जिल्ला न्यायाधीशहरूलाई निर्वाचन अधिकृतमा नियुक्त गरेको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले राससलाई जानकारी दिनुभयो । कोशी प्रदेशमा भीमराज प्रसाई, मधेशमा शुभनाथ पुरी, वाग्मतीमा गीता श्रेष्ठ, गण्डकीमा हिमाल बेल्वासे, लुम्बिनीमा प्रकाशराज पण्डित, कर्णालीमा दीपक ढकाल र सुदूरपश्चिममा भुवनसिंह थापालाई नियुक्त गरिएको छ । आगामी फागुन २० गतेदेखि रिक्त १९ पदमा निर्वाचन हुँदैछ । निर्वाचन कार्यक्रमअनुसा यही पुस १९ गते बिहान १०:०० बजेदेखि ११:०० बजेसम्म नामावली प्रकाशन, नामावलीमाथि दाबी विरोध तथा उजुरीमाथि छानबिन गरी पुस २२ गते दिउँसो ३:०० बजेदेखि ४:०० बजेसम्म अन्तिम नामावली प्रकाशन हुनेछ ।

पुस २३ गते बिहान १० :०० बजेदेखि अपराह्न ३:०० बजेसम्म उम्मेदवारको मनोनयन, पुस २४ गते बिहान १०:०० बजेदेखि अपराह्न ४:०० बजेसम्म उम्मेदवारको विरोधमा उजुरी, पुस २७ गते बिहान १० :०० बजेदेखि अपराह्न १:०० बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने र दिउँसो १:०० बजेदेखि दिउँसो २:०० बजेसम्म उम्मेदवारीको अन्तिम नामावली प्रकाशन हुनेछ । पुस २८ गते बिहान १०:०० बजेदेखि दिउँसो १:०० बजेसम्म उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने कार्यक्रम रहेको छ । सम्बन्धित मतदान केन्द्रमा बिहान ९:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म हुनेछ ।

## नेपाली कम्युनिष्ट पार्टी ताजा जनादेश लिन तयार छ : नेता रावल

**रासस**
काठमाडौं, ९ पुस

नेपाली कम्युनिष्ट पार्टीका नेता भीम रावलले ताजा जनादेश लिन नेपाली कम्युनिष्ट पार्टी तयार रहेको बताउनुभएको छ ।

सो पार्टीको सुदूरपश्चिम प्रदेश समितिले बुधबार धनगढीमा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले आगामी फागुन २१ गतेको प्रतिनिधिसभाको निर्वाचनमा सहभागी हुन नेपाली कम्युनिष्ट पार्टी सम्पूर्णरुपमा तयार रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा हुनुपर्छ । सरकारले त्यो वातावरण बनाउनुपर्छ । आगामी निर्वाचनमा सहभागी भएर ताजा जनमत लिन हाम्रो पार्टी तयार छ ।" उहाँले गत भदौ २३ र २४ गते घटेका घटनाको यथोचित, वस्तुगत तथा निष्पक्ष छानबिन गर्न र निर्वाचनको वातावरण बनाउन सरकारलाई आग्रहसमेत गर्नुभयो । नेता रावलले सुदूरपश्चिमका ९ वटै जिल्लामा पार्टीले एकता सन्देशसभा सम्पन्न गरेको र अब पालिकास्तर हुँदै वडास्तमा पुऱ्याइने बताउनुभयो ।

## उच्चस्तरीय संवाद समितिद्वारा रास्वपासँग छलफल

**रासस**
काठमाडौं, ९ पुस

सरकारको उच्चस्तरीय राजनीतिक संवाद समितिको टोलीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सँग छलफल गरेको छ । समितिले बुधबार दिउँसो रास्वपाको केन्द्रीय कार्यालय, वनस्थली पुगेर छलफल गरेको हो ।

छलफलमा संवाद समितिका संयोजक तथा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिल सिन्हा, सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल तथा प्रधानमन्त्री सुशीला कार्कीका प्रमुख सल्लाहकार अजयभद्र खनालको उपस्थिति थियो । रास्वपाका

बाँकी अन्तिम पृष्ठमा ▶▶


## पोखरामा १६ औँ राष्ट्रपति रनिङ शिल्ड तथा पाँचौ मेयर कप विद्यालय खेलकुद प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ९ पुस

पोखरामा बुधबारदेखि १६ औँ राष्ट्रपति रनिङ शिल्ड तथा पाँचौ मेयर कप विद्यालय खेलकुद प्रतियोगिता सुरु भएको छ ।




पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजनामा सुरुभएको प्रतियोगिता पौष ११ गते सम्म चल्ने छ । प्रतियोगिताको पोखरा रङ्गशालामा एक भव्य कार्यक्रमबीच उद्घाटन गर्दै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले विस्तारै खेलकुद व्यवसायिक बन्दै गएको बताए । उनले खेलकुदले देशलाई राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा चिनाउने काम गरेको उल्लेख गरे । राष्ट्रिय एकताको प्रतीकका रुपमा खेलकुद विकास भइरहेको भन्दै मेयर आचार्यले देश विभिन्न मुद्दामा विभाजित हुँदा पनि खेलकुदको माध्यमबाट एकजुट र एकताबद्ध बन्ने गरेको स्मरण गरे । उनले ग्रासरुटबाट खेलाडी उत्पादनको गर्नको लागि महानगरले ध्यान दिएको दावी गरे । त्यसको मुख्य थलो विद्यालय भएकोले यस्ता प्रतियोगिताले नयाँ खेलाडी उत्पादनमा सहयोग पुऱ्याउने उनको भनाइ थियो । यहीँबाट उत्पादन भएका विद्यार्थी जिल्ला, प्रदेश, राष्ट्रियस्तर हुँदै अन्तराष्ट्रिय स्तरमा प्रतिष्पर्धा गर्न सक्ने अवस्थामा पुग्ने बताउँदै त्यसैको आधार तयार गर्न यो प्रतियोगिता आयोजना गरिएको प्रष्ट पारे । पोखरा महानगरपालिकाकी उपमेयर मञ्जुदेवीगुरुङलेक्षेत्रफलकोहिसाबले सबैभन्दा ठूलो महानगरका रुपमा रहेको पर्यटनको राजधानी सहर पोखरालाई खेलकुदको सहरको रुपमा स्थापित गर्नुपर्छ भन्ने उद्देश्यसहित पोखरा महानगरले काम गरिरहेको बताइन् । विद्यालय तहका बालबालिकाहरूको सर्वाङ्गीण विकासमा खेलकुदको भूमिका महत्वपूर्ण हुने भएकाले खेलकुदलाई प्राथमिकतामा राखेर अघि बढिरहेको बताइन् । पोखरा महानगर शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्यले व्यक्तिगत स्वास्थ्यमात्र नभई समाजलाई नैतिकवान्, मूल्यवान, सशक्त र एकताबद्ध बनाउन खेलकुदको महत्वपूर्ण भूमिका रहने बताए । उनले प्रतियोगितामा सहभागी विद्यार्थीहरूलाई अनुशासित बनेर खेल्न आग्रह गरे । पोखरा महानगरपालिका खेलकुद विकास समितिका अध्यक्ष दीपक बहादुर गोदारले प्रतियोगितामा कुल ४ सय ४ पदकका सामुदायिक तथा संस्थागत विद्यालयका ३ हजार भन्दा बढि विद्यार्थीले प्रतिष्पर्धा गर्ने जानकारी दिए । प्रतियोगितामा उसु, कराँते, तेक्वान्दो, भलिबल, कबड्डी र एथलेटिक्स गरि ६ वटा विधा समावेश गरिएको उनको भनाइ छ । उद्घाटन समारोहमा नयाँ खेलाडीमा उत्साह थप्न नेपालका नम्बर वान टेनिस खेलाडी प्रदिप खड्का सहित राष्ट्रिय महिला फुटबल खेलाडी अनिता बस्नेत र अञ्जना रानामगरको विशेष उपस्थिति रहेको थियो । बस्नेत र रानामगरसँग तस्बिर खिचाउन र अटोग्राफ लिन विद्यार्थीको भिड लागेको थियो । सो अवसरमा ४० वटा विद्यालयका विद्यार्थीले मार्चपास गरेका थिए । उसुको डेमोस्ट्रेसन, सांस्कृतिक नृत्य समेत उद्घाटन समारोहको आकर्षणको रुपमा रहेको थियो । समितिका अध्यक्ष दीपक बहादुर गोदारको अध्यक्षतामा भएको उद्घाटन समारोहको सञ्चालन समितिका सदस्य सचिव सुरज अधिकारीले गरेका थिए । आयोजकका अनुसार पहिलो दिन बिहानैबाट विभिन्न खेल आयोजना भएका थिए । उद्घाटन खेलको रुपमा रहेको एथलेटिक्स तर्फको १५ सय मिटरको छात्र दौडमा कालिका माविका सुजन नेपाली प्रथम, बालोदयका तेन्जोन रोका मगर द्धितीय, पश्चिमाञ्चल माविका रोशन पन्थ तृतीय भए । १५ सय मिटरको छात्रा दौडमा छोरेपाटन माविकी नारायणी भण्डारी प्रथम, साधना परियार द्धितीय र गौरी शंकर माविकी कविता मगर तृतीय भएको सदस्य सचिव अधिकारीले जानकारी दिए । बिहीबार बिहानैबाट खेलहरु सुरु हुने आयोजकले जनाएका छन् ।



# २२ औँ माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिता पुस ११ देखि सुरु हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ९ पुस

पोखरामा यही पुस ११ गते शुक्रबारदेखि २२ औं माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिता हुने भएको छ।

कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरा रंगशालामा यही पुस १५ गतेसम्म संचालन हुने प्रतियोगितामा भारत, भुटान सहित नेपालका चर्चीत १ सय ६० जना खेलाडीहरु सहभागि हुने भएको बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । प्रतियोगितामा पुरुष तथा महिला ओपन सिंगल्स, डबल्स तथा ३५, ४५, ५५ र ६५ वर्ष माथिका विभिन्न उमेर समूह गरी कुल १२ इभेन्टमा प्रतिस्पर्धा हुने भएको कास्की जिल्ला टेनिस संघका अध्यक्ष राक कुमार गुरुङले जानकारी दिनुभयो । ओपनतर्फ




पुरुष तथा महिला सिंगल्स विजेताले जनही नगद ८० हजार रुपैयाँ र उपविजेताले ४० हजार रुपैयाँ प्राप्त गर्नेछन् । सेमिफाइनलिस्टले नगद २० हजार सहित मेडल पाउने छन्। त्यसैगरी पुरुष तथा महिला डबल्सतर्फ विजेताले ३० हजार, उपविजेताले १५ हजार र सेमिफाइनलिस्टले १० हजार रुपैयाँसहित ट्रफी तथा मेडल प्राप्त गर्ने संघले जनाएको छ। उमेर समूह अनुसारका अन्य इभेन्टहरूमा पनि आकर्षक नगद पुरस्कार, ट्रफी तथा मेडलको व्यवस्था गरिएको छ ।

३५ बर्ष माथि उमेर समुहमा सिंगल तर्फको विजेतालाई ६० हजार, उपविजेतालाई ३० हजार प्रदान गरिने भएको छ । त्यसै गरी यस इभेण्टको डबल्स तर्फ विजेतालाई २० हजार उपविजेतालाई १० हजार पूदान गरिने भएको छ । ४५ बर्ष माथि एकल तर्फको विधामा विजेतालाई ४० हजार, उपविजेतालाई २० हजार प्रदान गरिने भएको छ भने डवल्स तर्फ विजेतालाई २० र उपविजेतालार्य १० हजार पवूदान गनिरे भएको छ । त्यस्तै ५५ बर्ष माथि उमेर समुह सिंगल तर्फ विजेतालार्य ३० हजार उपविजेतालाई १५ हजार, डबल्स तर्फको विजेतालाई भने २० हजार र १० हजार पुरस्कार व्यबस्था गरिएको छ ।६५ बर्ष माथि सिंगल तर्फको विजेतालाई १५ हजार उपविजेतालाई ७ हजार ५ सय, डबल्स तर्फ विजेतालाई १० हजार र उपविजेतालाइ ५ हजार पुरस्कार प्रदान गरिने भएको छ। संघका सचिव तथा कार्यक्रम संयोजक विश्वराज पौडेलका अनुसार टेनिस कोर्टमा लाइट जडानका लागि सहयोग संकलन गर्ने उद्देश्यले प्रतियोगिताको अवसरमा गाला डिनर कार्यक्रम समेत आयोजना गरिनेछ । उक्त प्रतियोगिताले खेलकुदसँगै पोखराको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष मानबहादुर घर्तीले बताउनु भयो ।

# मिलीजुली विजयपुर तमु समाजको ३१औँ वार्षिकोत्सव सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ९ पुस

पोखरा महानगरपालिका वडा नं. १३ स्थित जयगंगा मार्गमा रहेको मिलीजुली विजयपुर तमू समाजको ३१औँ वार्षिकोत्सव कार्यक्रम हालै भव्य रूपमा सम्पन्न भएको छ।

कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेशका सांसद बदेबहादुर गुरुङले तमु समाजको समग्र विकासका लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा समाजका सदस्यहरूले प्रस्तुत गरेका विविध सांस्कृतिक नृत्यहरूले उपस्थित सबैलाई मन्त्रमुग्ध पारेका थिए।

मिलीजुली विजयपुर तमु समाजका अध्यक्ष ना.सु. खड्क बहादुर गुरुङको अध्यक्षतामा




सम्पन्न कार्यक्रममा तमू धीं नेपालका अध्यक्ष हुमबहादुर गुरुङ, तमू प्ये ल्हु कास्कीका उपाध्यक्ष केमबहादुर गुरुङ, बाँझापाटन तमू समाजका सचिव कुलप्रसाद गुरुङ, मिलीजुली विजयपुर तमू समाजका कोषाध्यक्ष सु. यारबहादुर गुरुङ, कानुनी सल्लाहकार जुनाकुमारी गुरुङ, सल्लाहकार तथा इन्स्पेक्टर मानकाजी गुरुङल गायतले मन्तव्य राखेका थिए । कार्यक्रममा मिलीजुली विजयपुर तमु समाजका वरिष्ठ उपाध्यक्ष बलकुमारी गुरुङले स्वागत मन्तव्य राखेकी थिइन् भने उपाध्यक्ष चिनबहादुर गुरुङले धन्यवाद ज्ञापन गरे। कार्यक्रमको सञ्चालन सचिव ई. सुब्बा गुरुङ र सह-सचिव सु. देउबहादुर गुरुङले संयुक्त रूपमा लयबद्ध तरिकाले गरेका थिए।

# पोखरा बाटिका क्लासिक होटल नवौं वर्षमा

**पोखरापत्र संवाददाता**
पोखरा, ९ पुस

पर्यटकिय राजधानी पोखराको लेकसाइडस्थित पोखरा बाटिका क्लासिक होटल स्थापनाको नवौं वर्षमा प्रवेश गरेको छ।

सो अवसरमा होटलले आफ्नों सामाजिक उत्तरदायित्व अन्तर्गत गौरिघाट वरपर ४ सय मिटर सडक सरफाई गरेको छ। होटलमा कार्यरत ४० झण्डै कर्मचारीहरु सरसफाईका सामग्री सहित सडकमा उत्रिए । उनीहरुले पार्क, मन्दिर लगायत वरपर झाडि फडान, टेंकरको पानीले नाला सफाई लगायत गरे । नवौं वर्ष प्रवेशका अवसरमा होटलले सञ्चालक तथा कर्मचारीहरुविच शुभकामना साटासाट गरे । उत्कृष्ट कार्य गर्ने कर्मचारी सम्मान पनि गरियो। कार्यक्रममा बोल्दै होटलका अध्यक्ष सन्तोष पोखरेलले बाटिका होटलले आठौं वर्ष पुरा गर्दा सम्मका आरोह अवरोह स्मरण गर्नुभयो । यो अवधिमा धेरै खाले चुनौंती व्यहोर्नुपरेको बताउँदै अब भने होटल बाटिका पोखराको प्रतिष्ठित होटल मध्ये एक बनिसकेको जनाउनुभयो । त्यस्तै होटलका सञ्चालक प्रेम कृष्ण श्रेष्ठ र बिमल कुमार नहर्कीले होटलले पाएको सफलताको पछाडी कर्मचारीहरुको लगन, मेहनत, धैर्यता सबै रहेको औल्याउनुभयो । कार्यक्रमका प्रमुख अतिथि सशस्त्र प्रहरी बल लाम्पाटनका प्रमुख एसपी अरुण कुमार शर्मा, विशेष अतिथि पत्रकार विनोद लामिछाने लगायतले नवौं वर्ष प्रवेशका अवसरमा होटललाई बधाई ज्ञापन गर्दै आगामी यात्राको सफलताका लागि शुभेच्छा प्रकट गर्नुभयो। कर्मचारीको तर्फबाट बोल्दै होटलका मेनेजर दीपेन्द्र पोखरेलले होटलको सफलतामा ‘टिम वर्क’ महात्वपूर्ण पक्ष रहेको बताउँदै साथीभाईविचको घनिष्ठता र सम्बन्ध आगामी दिनमा झनै प्रगाढ बन्ने विश्वास व्यक्त गर्नुभयो। सो अवसरमा होटलका कर्मचारी पुजा लामालाई उत्कृष्ट कर्मचारी सम्मान प्रदान गरियो भने केक काटेर कर्मचारीको जन्मदिवस पनि मनाईएको थियो । कर्मचारीहरुले साँस्कृतीक कार्यक्रम समेत प्रस्तुत गरेका थिए।

# उज्यालो नेपाल पार्टी र सर्वोदय पार्टीबीच चुनावी एकता

**रासस**
काठमाडौं, ९ पुस

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै उज्यालो नेपाल पार्टी र सर्वोदय पार्टीबीच औपचारिक रूपमा चुनावी एकताको घोषणा गरिएको छ।

बुधबार यहाँ आयोजित संयुक्त पत्रकार सम्मेलनमार्फत दुवै पार्टीका शीर्ष नेतृत्वले चुनावी एकता घोषणापत्रमा हस्ताक्षर गर्दै संयुक्त रूपमा निर्वाचनमा सहभागी हुने प्रतिबद्धता जनाउनुभएको हो।

उक्त पत्रकार सम्मेलनमा उज्यालो नेपाल पार्टीका अध्यक्ष अनुप उपाध्याय र सर्वोदय पार्टीका अध्यक्ष दीपक साहले संयुक्त रूपमा चुनावी एकता घोषणापत्रमा हस्ताक्षर गर्नुभएको थियो । दुई पार्टीबीच भएको सहमतिअनुसार सर्वोदय पार्टीले आगामी प्रतिनिधिसभा निर्वाचनमा उज्यालो नेपाल पार्टीको चुनाव चिन्ह ‘बलेको चिम’ प्रयोग गर्ने, साझा चुनावी घोषणापत्र निर्माण गर्ने तथा चुनावी प्रक्रियामा उत्पन्न हुनसक्ने विवाद समाधानका लागि संयुक्त संयन्त्र गठन गर्ने उल्लेख गरिएको छ । उज्यालो नेपाल पार्टीका अध्यक्ष उपाध्यायले वर्तमान देशको जटिल राजनीतिक अवस्था, अस्थिरता र जनतामा बढ्दो निराशाबाट निकास खोज्ने उद्देश्यले औपचारिक चुनावी एकता घोषणा गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “देशलाई स्थिरता, सुशासन र जवाफदेही राजनीतिक संस्कृतितर्फ डोऱ्याउन समान सोच र लक्ष्य भएका शक्तिहरूबीच एकता अपरिहार्य भएको छ।” यसैगरी सर्वोदय पार्टीका अध्यक्ष दीपक साहले ‘जेनजी आन्दोलन’ को भावना, चेतना र मागलाई व्यवहारमा रूपान्तरण गर्दै नयाँ राजनीतिक संस्कृतिको निर्माण गर्ने लक्ष्यसहित एकीकृत मोर्चाबाट चुनावमा जाने निर्णय गरिएको बताउनुभयो।

# पोखरा महानगरको आयोजनामा ३९० घण्टा क्यामेरा मर्मत तालिम शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ९ पुस

पोखरा महानगरपालिकाको आयोजनामा क्यामेरा मर्मत तालिम शुरु भएको छ।

पोखरा फोटोग्राफर संघको भवन पोखरा ४ टुँडाको पाटनमा शुरु भएको ३ सय ९० घण्टे तालिमको पोखरा महानगरपालिका वडा नं ४ का अध्यक्ष देवकृष्ण पराजुलीले उद्घाटन गरे।

सो अवसरमा वोल्दै वर्तमान समयमा फोटोग्राफी सबै कार्यक्रमको अनिवार्य हिस्सा बनेको उल्लेख गर्दै क्यामेरा मर्मतसम्बन्धी तालिमले मर्मत खर्च घट्नुका साथै काठमाण्डौ जानुपर्ने बाध्यता अन्त्य हुने विश्वास व्यक्त गरे।

पोखरा फोटोग्राफर संघ कास्कीका अध्यक्ष भक्त तामाङको




अध्यक्षतामा सम्पन्न कार्यक्रममा पोखरा महानगरपालिकाका आर्थिक बिकास महाशाखा प्रमुख मनोहर कडरिया, तालिम संयोजक तृष्णा बस्ताकोटी लगायतको सहभागीता रहेको थियो।

पोखरा महानगरपालिका व्यवसाय प्रवर्द्धन केन्द्रका शाखा प्रमुख नवराज अधिकारी स्वागत मन्तब्य राखेका थिए भने सो अवसरमा पोखरा फोटोग्राफर संघ कास्कीका पूर्व अध्यक्ष रवि दाहालले कार्यक्रममो सफलताको शुभकामना दिएका थिए । तालिमका प्रशिक्षक मदन सुब्बाले तालिम सञ्चालनका लागि सहयोगगरेकोमामहानगरपालिकालाई धन्यवाद ब्यक्त गरे।

# रोटरी क्लब अफ पोखरा न्यूरोडद्वारा आर्वा बिजयी माविमा कम्प्युटर र स्टेशनरी सामग्री वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, ९ पुस

रोटरी क्लब अफ पोखरा न्यूरोडले पोखरा महानगरपालिका-८ स्थित आर्वा बिजयी माध्यमिक विद्यालयमा एक थान कम्प्युटरसहित ७५ जना विद्यार्थीलाई स्टेशनरी सामग्री वितरण गरेको छ।

विद्यार्थीहरूको शैक्षिक स्तर उकास्न र प्रविधिमैत्री शिक्षालाई प्रोत्साहन गर्ने उद्देश्यले उक्त सहयोग प्रदान गरिएको क्लबले जनाएको छ। कार्यक्रममा विद्यालयकी प्रधानाध्यापक पद्मावती अधिकारी तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भवसागर बराल र सो वडाका जनप्रतिनिधि रजनी परियारले रोटरी क्लब अफ पोखरा न्यूरोडप्रति धन्यवाद व्यक्त गर्दै सहयोगले विद्यालयको पठन-पाठनमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्नुभयो। क्लबका प्रेसिडेन्ट इलेक्ट राजकुमार गुरुङको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा क्लबका निवर्तमान अध्यक्ष दिपेन्द्र शर्माले क्लबद्धारा शिक्षा र स्वास्थ्य लगायत ग्रामीण क्षेत्र का गृहिणीहरुको लागि वितरण गरेको विद्युतिय चुलो निकै प्रभावकारी रहेको बताउनुभयो । कार्यक्रममा क्लबका पूर्व अध्यक्षहरू सुभाष सिङ्देल, अब्रहम खान, टुबराज बास्तोला र पुष्पकमल पौडेल लगायतले रोटरी क्लबले शिक्षा, स्वास्थ्य र समुदाय विकासका क्षेत्रमा गर्दै आएको योगदान उल्लेख गर्दै आगामी दिनमा पनि यस्ता सामाजिक सेवामूलक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाउनुभयो। क्लबका सदस्यहरू, विद्यालय परिवार तथा विद्यार्थीहरूको उल्लेखनीय सहभागिता रहेको थियो। क्लबका अध्यक्ष अमृत बास्तोलाले आगामी दिनमा सामुदायिक विद्यालयमा शैक्षिक सामाग्री वितरण गर्ने कार्यक्रमलाई प्रभावकारी बनाउदै



लैजाने जानकारी दिनुभयो। क्लबको स्थापना दिवसको उपलक्ष्यमा आयोजना गरिएको यस कार्यक्रमले क्लबका सदस्यहरुलाई हौसला प्रदान भएको प्रक्रिया उहाँको थियो।

# एक-अर्काको ...

तर्फबाट उपसभापतिहरु डिपी अर्याल, डा स्वर्णिम वाग्ले, महामन्त्री कविन्द्र वुर्लाकोटी, सहमहामन्त्री विपिन आचार्य र प्रवक्ता मनिष झासहित केन्द्रीय सदस्यहरू सहभागी थिए। कानुनमन्त्री सिन्हाले आगामी फागनु २१ गतेको निर्वाचनका लागि सरकारकातर्फबाट भएका तयारीबारे रास्वपालाई अवगत गराइएको जानकारी दिनुभयो। रास्वपासँगको छलफलपछि सञ्चारकर्मीसँगको अन्तरक्रियामा उहाँले रास्वपाबाट निर्वाचनबाहेक अन्य विकल्पबारे कुनै शङ्का नरहेको र सुरक्षा तथा समय व्यवस्थापनका विषयमा मात्र केही जिज्ञासा उठेको बताउनुभयो । उहाँले राजनीतिक दलहरूसँग कार्यालयमै पुगेर छलफल गर्न सरकारलाई प्राप्त म्यान्डेटअनुसार अघि बढेको उल्लेख गर्दै यसले निर्वाचनको वातावरण निर्माण भइरहेको राय व्यक्त गर्नुभयो । सञ्चारमन्त्री खरेलले रास्वपाले निर्वाचनमा सहभागी हुने स्पष्ट सन्देश दिएको बताउँदै धन्यवाद व्यक्त गर्नुभयो। उहाँले रास्वपाका सभापति रवि लामिछानेले पदाधिकारीमार्फत सरकारको निर्वाचन तयारीको उच्च प्रशंसा गरेको सन्देश प्राप्त भएकाप्रति कृतज्ञता व्यक्त गर्नुभयो। समितिले निर्वाचनको वातावरण निर्माण गर्न स्वयं सरकार नै दलहरुसमक्ष पुगिरहेको जनाएको छ।

prime TILES

VACANCY ANNOUNCEMENT

AREA SALES MANAGER
MANUFACTURING

JOB TYPE: FULL TIME
SALARY: NEGOTIABLE
LOCATION: POKHARA
PREFERRED EXPERIENCE: 1–2 YEARS OF EXPERIENCE IN A RELATED FIELD

JOB DESCRIPTION
. Execute sales strategies to achieve and surpass sales targets.
. Develop and maintain strong relationships with clients, addressing their needs and ensuring customer satisfaction.
. Identify new business opportunities by researching market trends and customer needs.
. Provide product knowledge and guidance to customers to support their decision-making process.
. Prepare sales reports and forecasts by analyzing data to enhance sales strategies.
. Collaborate with the marketing team to create effective promotional campaigns.
. Negotiate contracts and sales agreement terms with clients.
. Prepare daily sheets to maintain records of payments collected.
. Stay updated on industry trends, competitors, and market conditions to adapt sales approaches accordingly.
. Create and present sales reports through presentations and written reports.
. Coordinate and communicate with the accounts team to dispatch invoices and transaction statements to clients.

JOB SPECIFICATION:
. Proven experience in sales, preferably in the tiles, construction materials, hardware, or sanitary ware industry.
. Strong communication and negotiation skills.
. Excellent understanding of sales techniques and strategies.
. Ability to manage multiple tasks, meet deadlines, and work collaboratively within a team environment. Flexible and adaptable, with high attention to detail, strong negotiation and communication skills, and the ability to solve problems effectively.

INTERESTED CANDIDATES MAY APPLY WITHIN SEVEN DAYS BY SENDING THEIR APPLICATION TO THE EMAIL ADDRESS MENTIONED BELOW.

PRIME CERAMICS PVT. LTD.
CORPORATE OFFICE | Level 4, Saket Complex | Tripureshwor, Kathmandu, Nepal
01-5918860 | hr@primeceramics.com.np

“आयुर्वेदोऽमृतानाम:”
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# संसद विघटनको चाँडो संवैधानिक परीक्षण गर

प्रतिनिधिसभा विघटन विरुद्ध नेपाली काङ्ग्रेसका ६० जना सांसदहरूले दिएको रिट निवेदन र नेकपा एमालेका सांसदहरूले दिएको रिट निवेदन लगायतका सबै रिट निवेदन एकसाथ सुनुवाइ हुने भएको छ । सर्वोच्च अदालतको संवैधानिक इजलासले सबै रिट निवेदन एकसाथ सुनुवाइ गर्ने आदेश गरेको छ । अहिले धेरैको ध्यान सर्वोच्च अदालतमा छ । सर्वोच्च अदालतले चाँडो सुनुवाइ गरेर संवैधानिक परिक्षण हुनुपर्नेछ । सरोकारवाला मात्र होइन धेरैलाई यसबारेमा चासो हुनु स्वभाविक हो । पूर्व न्यायाधीश फोरम नेपालले सर्वोच्च अदालतमा विचाराधीन प्रतिनिधिसभा विघटनविरुद्धको मुद्दा तदारुकताका साथ निरन्तर सुनुवाइ गरी निरुपण गर्नुपर्ने बताएको छ । टोपबहादुर सिंह अध्यक्ष रहेको पूर्व न्यायाधीश फोरमले बुधबार पत्रकार सम्मेलन गरी यस्तो धारणा सार्वजनिक गरेको छ ।

'सरकारको संवैधानिक हैसियत तथा प्रतिनिधि सभा विघटनको संवैधानिकताबारे विवाद उठी सम्मानित सर्वोच्च अदालतको संवैधानिक इजलाससमक्ष विचाराधीन रहेको सो विवादको निराकरण नगरी मन्त्रिपरिषदबाट घोषित आमनिर्वाचन समेतका विषयमा अन्योल हुने टड्कारो देखिन्छ,'। पूर्व न्यायाधीश फोरम नेपालद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'सम्माननीय राष्ट्रपतिद्वारा संवैधानिक प्रावधान र संविधानको मर्मविपरीत सरकार गठन तथा सो सरकारको सिफारिसमा प्रतिनिधिसभा विघटन गरिएको कार्य युवाहरूको प्रदर्शनको मागबमोजिम सम्बोधन नभएको भन्ने आमनेपालीको गुनासो रहेको पाइन्छ ।'

संवैधानिक प्रयोग र पालनसम्बन्धी विवाद यथासम्भव छिटो टुंगो लगाउनु नै संविधानको संरक्षकका रूपमा स्थापित सर्वोच्च अदालतको संवैधानिक दायित्व रहेको तथा उक्त दायित्व निर्वाह गर्न सर्वोच्च अदालतले तदारुकता देखाउनुपर्ने फोरमको आग्रह छ । विगतमा पनि रिट निवेदक सन्तोष भट्टराई र विरुद्ध राष्ट्रपति कार्यालय समेत तथा रिट निवेदक शेरबहादुर देउवा र विरुद्ध राष्ट्रपति कार्यालय समेत भएका दुई रिट निवेदनहरू संवैधानिक इजलासले प्राथमिकतामा राखी तदारुकताका साथ निरन्तर सुनुवाइ गरेर निरुपण गरेको नजिरप्रति सर्वोच्च अदालतको गम्भीर ध्यानाकर्षण हुनु आवश्यक रहेको पूर्व न्यायाधीश फोरमको चासो छ ।

'आवश्यकताको सिद्धान्त भनेर संविधानभन्दा बाहिर गएर सरकार बनाइएको भनेर जिकिर गर्नु 'डिफेन्सिभ' तर्क हो,' । एकातर्फ प्रधानन्यायाधीश भएको मान्छे, न्यायाधीश भएको मान्छे सेवा निवृत्त भएपछि कुनै पनि सरकारी निकायमा ग्राह्य हुँदैन भन्ने संविधानमा प्रस्ट लेखिएको छ । संविधानको स्पिरिटविपरीत, संविधानको अक्षरविपरीत सरकार गठन हुनु गलत छ भन्ने दाबीसहित रिट पेश भएकोमा त्यसको निर्क्योल सर्वोच्चले गर्नुपर्छ ।' सरकार नै असंवैधानिक भएको दाबी गरेको हुनाले त्यस सरकारले गर्ने आमनिर्वाचन वैध हुने वा नहुने भन्ने प्रश्न पनि उठ्नेछ । त्यसअघि नै यो विवाद सर्वोच्च अदालतले निरुपण गर्नुपर्नेछ । 'निर्वाचनमा राज्यको २७ अर्ब रूपैयाँ खर्च हुने कुरा छ । फेरि त्यो निर्वाचन नै अवैध भयो भने नेपालजस्तो राज्यको त्यत्रो पैसा दुरुपयोग हुनुअघि नै सरकार गठन सही हो वा होइन, प्रतिनिधि सभा विघटन सही हो वा होइन भन्ने कुरा सर्वोच्चले निरुपण गर्नुपर्छ ।

संविधानको धारा बाहिरबाट बनेको सरकारले फेरि संविधानको धारा प्रयोग गरेर आफ्नो काम गर्न सक्छ वा सक्दैन भन्ने प्रश्नको निरुपणका लागि पनि सर्वोच्च अदालतले तत्काल प्राथमिकतामा राखी निरन्तर सुनुवाइ गरेर निरुपण गर्नुपर्ने खाँचो छ । सर्वोच्च अदालतले संविधान, विगतका नजिर र आउँदा दिनमा कस्तो परंपरा बसाल्ने भन्ने दिशा निर्देशनका लागि पनि निरुपण हुनु आवश्यक छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाव |
| कन्या | : कार्यमा सफलता | मीन | : व्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# गाउँकै अस्पतालबाट स्वास्थ्य बिमा कार्यक्रम सुरु

पोखरापत्र संवाददाता
पर्वत, ९ पुस

दक्षिण पर्वतको पैँयु गाउँपालिका रहेको पैँयु आधार भूत अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम सुरु भएको छ । गत साउनमा पैँयु आधारभूत अस्पताललाई स्वास्थ्य बिमाको प्रथम विन्दु कायम गर्ने स्वास्थ्य बिमा बोर्डले निर्णय गरेको थियो ।

सोहीअनुसार गत भदौ २ गते स्वास्थ्य बिमा बोर्डसँग अस्पतालले समझदारी गरी आवश्यक सम्पूर्ण तयारी पूरा भएपछि अस्पतालबाट गत बिहीबारदेखि विधिवत् रूपमा स्वास्थ्य बिमा सेवा सञ्चालनमा ल्याइएको हो । स्वास्थ्य बिमा कार्यक्रम शुभारम्भ गर्दै पैँयु गाउँपालिकाका अध्यक्ष तोरणमल्ल ठकुरीले विकट गाउँमै स्वास्थ्य बिमा कार्यक्रम लागू भएपछि स्थानीय लाभान्वित हुने बताउनुभयो । उहाँले लामो प्रयासपछि जिल्ला सदरमुकामभन्दा बाहिर रहेको अस्पतालमा बिमा कार्यक्रम लागू गर्न सफल भएको बताउनुभयो ।

अध्यक्ष ठकुरीले नागरिकको स्वास्थ्यलाई गाउँपालिकाको प्रमुख प्राथमिकतामा राखिएको उल्लेख गर्नुभयो । उहाँले स्वास्थ्य बिमा कार्यक्रम सञ्चालनमा आएसँगै पैँयु गाउँपालिका तथा आसपासका क्षेत्रका नागरिकले सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा स्थानीय तहमै प्राप्त गर्नसक्ने विश्वास व्यक्त गर्नुभयो । अबदेखि कुनै पनि रोगका लागि अन्यत्र अस्पतालमा पठाउन वा सर्वसुलभ उपचारका लागि छिमेकी जिल्लामा धाउनुपर्ने बाध्यता हटेको उहाँको भनाइ छ । पैँयु आधारभूत अस्पतालबाट प्रवाह हुने स्वास्थ्य बिमा सेवाबाट पैँयु गाउँपालिकावासीका साथै छिमेकी पालिका बिहादी र महाशिला गाउँपालिका तथा अस्पताल पायकपर्ने अन्य क्षेत्रका सेवाग्राहीले पनि लाभ लिनसक्ने पैँयु गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन गैरेले जानकारी दिनुभयो । आर्थिक अभावका कारण कुनै पनि नागरिक उपचारबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यका साथ स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गाउँपालिकाले विशेष प्राथमिकता दिएको जनाउँदै गैरेले स्थानीय तहले सम्पूर्ण नागरिकलाई निश्चित रूपमा स्वास्थ्य बिमा सेवाको उपयोग गर्न अनुरोध गरेको छ । यसअघि सदरमुकाममा रहेको प्रदेश अस्पताल पर्वतबाट मात्र यो सेवा संचालन हुँदै आएको थियो । पर्वतमा झण्डै ४० हजार नागरिक स्वास्थ्य बिमामा आबद्ध भएका छन् । कतिपय बिमकले स्वास्थ्य बिमा प्रावधानअनुसार प्रदेश अस्पतालबाट औषधि तथा अन्य सुविधा नपाएको गुनासोसमेत गरेका छन् ।

# गाईभैँसीको गहुँतबाट जैविक विषादी उत्पादन गरेर खेतीमा प्रयोग

पोखरापत्र संवाददाता
म्याग्दी, ९ पुस



म्याग्दीको मालिका गाउँपालिका-७ बिमका किसान भूपेन्द्र शर्माले गाईभैँसीको गहुँतबाट जैविक विषादी उत्पादन गरेर खेतीबालीमा रोगकीरा नियन्त्रणका लागि प्रयोग गर्नुभएको छ ।

शर्माले १६ रोपनी क्षेत्रफलमा जैविक विधिबाट व्यावसायिक सुन्तला, कागती र तरकारीखेती गर्नुभएको हो । गाईभैँसीको गहुँतलाई भकारोबाट पाइपमार्फत ड्रममा सङ्कलन गरी त्यसमा तितेपाती, असुरो, वनमारा र खिर्रोको पात मिसाएर विषादी बनाई सुन्तला र तरकारीमा रोगकीरा नियन्त्रणका लागि प्रयोग गरेको शर्माले बताउनुभयो । "रासायनिक मल र विषादीको विकल्पमा जैविक मल उत्पादन गर्न फार्ममै एक भैँसी, तीन गाई र १४ वटा बाख्रा पालेको छु", उहाँले भन्नुभयो, "जैविक विषादीको प्रयोगबाट दिगो कृषि, स्वस्थ्य उपज उत्पादनका साथै पर्यावरण सन्तुलन कायम राख्न सहयोग पुगेको छ ।" जैविक विषादीलाई पानीको मात्रा मिलाएर सुन्तलाको बोट र तरकारी बालीमा छर्कँदा मल र शत्रुजीव नष्ट गरी दोहोरो फाइदा गर्ने शर्माको अनुभव छ । पर्यावरण सन्तुलनका लागि व्यावसायिक रूपमा खाद्यबाली, फलफूल र तरकारीखेती गर्ने किसानले एकीकृत कृषि गर्नुपर्ने उहाँको सुझाव छ ।

सन् २००२ मा रोजगारीका लागि युएई जानुभएका शर्माले १० वर्ष त्यहाँ बिताएपछि सन् २०१२ मा स्वदेश फर्किएर बिसम कृषि तथा पशुपालन फार्म स्थापना गर्नुभएको थियो । "घर फर्किएलगत्तै विदेश जानुअघि लगाएका एक सय ५० सुन्तलाका बोटलाई स्याहारसुसार गरेर उत्पादन दिने बनाउनुका साथै बाँझिएको पाखोबारीमा तीन सय नयाँ बिरुवा लगाएँ", उहाँले भन्नुभयो, "यो वर्ष प्रतिकिलो रु ७० का दरले ७० क्विन्टल सुन्तला चितवनका व्यापारीलाई बगैँचाबाट बिक्री गरेँ ।" विदेशमा गर्ने मेहनत र परिश्रम आफ्नै खेतबारीमा गर्न सकेमा घरपरिवारसँगै बसेर आयआर्जन गर्न सकिने शर्माको अनुभव छ ।

सुन्तलाखेतीबाट आम्दानी हुन थालेपछि रोजगारीका लागि विदेश जाने सपना त्यागेको उहाँले बताउनुभयो । शर्मालाई श्रम तथा रोजगार मन्त्रालयले गत वर्ष वैदेशिक रोजगारबाट फर्किएर स्वदेशमै उद्यम गरेकामा पुरस्कृत गरेको थियो । कृषि विकास कार्यालयले गत असार र मालिका गाउँपालिकाले गत फागुनमा उत्कृष्ट कृषकका रूपमा सम्मान गरेको थियो । शर्माले सुन्तलाका बिरुवा उत्पादन गर्ने नर्सरी पनि स्थापना गर्नुभएको छ ।

गत वर्ष रु ८० हजार मूल्यबराबरको सुन्तलाका बिजु (बियाँबाट उत्पादन गरेको) बिरुवा बिक्री गरेका शर्माले यस वर्ष आठ हजार नयाँ बिरुवा तयार पार्नुभएको छ । बगैँचामै सडक सुविधा पुगेका कारण कृषि उपज बजारीकरणमा समस्या छैन । नजिकै पानीको स्रोत भएकाले सिँचाइको सुविधा पनि सहज छ । शर्मासँगै उहाँका छिमेकी लक्ष्मण गौतम, तेजेन्द्र शर्मालगायत किसानले पनि गहुँ, मकै, धान, कोदोलगायत परम्परागत खाद्यबाली छाडेर व्यावसायिक सुन्तलाखेती गरेका छन् ।

# कालोपत्र गरेको एक महिनामै सडक भत्किन थालेपछि...

पोखरापत्र संवाददाता
म्याग्दी, ९ पुस

बेनी नगरपालिकाको रत्नेचौर-भकुण्डे सडक कालोपत्र गरेको एक महिनामै भत्किन थालेपछि मापदण्डअनुसार सुधार गर्न जनप्रतिनिधि र उपभोक्ताले दबाव दिएका छन् ।

सडक डिभिजन कार्यालय बागलुङमार्फत 'एक निर्वाचन क्षेत्र, एक सडक' आयोजनाअन्तर्गत बेनी नगरपालिका-१ रत्नेचौरदेखि वडा नं २ भकुण्डे जोड्ने सडकको उप्ल्लाचौर-अर्जम-बिमिराबोट खण्डमा हालै 'डिबिएसटी' प्रविधिको कालोपत्र गरिएको थियो । बिटुमिनले सडकमा बिछ्याएको चिप्स नसमातेको र खाल्डै खाल्डा बनेको विषयमा वडा नं १ का अध्यक्ष टेकबहादुर थापा र २ का अध्यक्ष यामबहादुर कार्की, पूर्वअध्यक्ष हिराबहादुर थापासहित स्थानीयवासी आज सडक डिभिजन कार्यालय पुगेर ध्यानाकर्षण गराएका थिए ।

उनीहरुले सडक डिभिजनका निमित्त प्रमुख विष्णु लामिछाने र निर्माण कम्पनी गजेन्द्र-नयाँबाटो जेभीका आयोजना व्यवस्थापक अरुण सेढाईंलाई प्रत्यक्ष निरीक्षण गराएका छन् । "यो सडकको बेस बिछ्याउँदादेखि गुणस्तरीय नभएको गुनासो थियो । सो विषय लिखित रुपमा सचेत गराउँदा पनि सुनुवाइ भएन", वडा नं २ का अध्यक्ष कार्कीले भन्नुभयो, "बेसको धुलोका कारण बिटुमिन जम्न नपाउँदा दुई चरणमा गरिएको कालोपत्र कार्पेट बिछ्याएको जस्तो भएको छ ।" नौ मिटर चौडाइको सो सडकमा सात मिटर चौडाइमा दरले डिबिएसटी गर्ने सम्झौता छ । उक्त योजनाका लागि २०७९ भदौ ६ गते गजेन्द्र-नयाँबाटो जेभीले रु २३ करोड ३२ लाखमा ठेक्का सम्झौता गरेको थियो । ३० महिनामा सम्पन्न गर्ने म्याद रहेकामा पुनः आगामी फागुनसम्म काम गर्ने म्याद थप भएको छ । सडक डिभिजनका अनुसार हालसम्म करिब ७५ प्रतिशत भौतिक प्रगति भएको छ । सडक डिभिजन कार्यालय बागलुङका निमित्त प्रमुख लामिछानेले सडकमा देखिएको समस्यालाई सुधार गर्न लगाइने प्रतिबद्धता जनाउनुभयो । निर्माण कम्पनीका आयोजना व्यवस्थापक सेढाईंले बर्खाअघि भएको पहिलो चरणको कालोपत्र र बेसलाई बाढीले बिगारेको, दोस्रो चरणमा बिछ्याएको बिटुमिन चिसोले जमेर चिप्स निस्किए पनि गर्मी बढेपछि बिटुमिन पग्लिएर चिप्स समात्ने बताउँदै त्यसपछि पनि सुधार नभए गुणस्तर र मापदण्डअनुसार बनाएर हस्तान्तरण गर्ने प्रतिबद्धता जनाउनुभयो ।

# तीन वर्षमा सम्पन्न गर्नुपर्ने मादीसेती मोटरेबल पुल पाँच वर्षसम्म बनेन

पोखरापत्र संवाददाता
पोखरा, ९ पुस

कास्की माछापुच्छ्रे गाउँपालिका वडा न. ५ रिभानमा स्थापित श्री निषक्ष मा.बिको ६४ औं वार्षिकोत्सव, अभिभावक दिवस तथा पुरस्कार वितरण कार्यक्रम बुधवार सम्पन्न भएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष केशव गिरीको अध्यक्षता तथा माछापुच्छ्रे गाउँपालिका अध्यक्ष मीन बहादुर गुरुङको प्रमुख आतिथ्यताामा उक्त समारोह सम्पन्न भएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष मीन बहादुर गुरुङले निषक्ष मा.बिको पछिल्लो शैक्षिक गतिविधि सुधार उन्मुख रहेको र गाउँपालिकाको समग्र शिक्षा क्षेत्रको अमूल परिवर्तनका लागि आवश्यकतालाई हेरं साझा धारणका साथ अगि बढ्नुपर्ने बताउनु भयो । गाउँपालिका उपाध्यक्ष सीता अधिकारीले निषक्ष मा.विले पछिल्लो समयमा शैक्षिक गुणस्तर सँगै अन्य क्रियाकलापमा उत्कृष्ट नतिजा हासिल गरेको बताउँदै विद्यालय परिवार प्रति हार्दिक धन्यवाद दिँदै पालिकाको निरन्तर साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक दुर्गा बहादुर रावतले प्र.अको प्रतिवेदन प्रस्तुत गर्दै विद्यालयको भौतिक, आर्थिक र सबल विद्यालय बनाउन विभिन्न क्षेत्रबाट सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद दिँदै रावतले शिक्षणमा सूचना प्रविधिको प्रयोग, निरन्तर अतिरिक्त क्रियाकलाप,विद्यार्थीहरूको प्रतिभा प्रस्फुटन गर्ने कार्यमा विद्यालय निरन्तर लागिरहेको बताउनुभयो । प्रतिवेदनमा उल्लेख भए अनुसार पालिका साथै जिल्ला स्तरमा पनि शैक्षिक एवं खेलकुदमा पनि अब्बल रहेको थप उल्लेख गर्नुभयो । समारोहमा सामाजिक विकास समिति संयोजक एवं वडा न.९ का अध्यक्ष श्री हरि बहादुर क्षेत्री, वडा न.५का अध्यक्ष एवं वडा शिक्षा समिति संयोजक नारायण प्रसाद पौडेल, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका संरक्षण कार्यालय ल्वाङका कार्यालय प्रमुख लेखनाथ गौतम, माछापुच्छ्रे-६ बराह मा.बिका प्र.अ सुरेश गुरुङ, सर्वगुण फुडस एन्ड किचनको सञ्चालक श्री उषा गिरी लगायतले व्यवहारिक शिक्षालाई प्राथमिकता राखेर शिक्षाका गतिविधिलाई अगाडी बढाउनु पर्नेमा जोड दिँदै शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।वार्षिकोत्सवका अवसरमा विद्यालयको बृहत्तर विकासका लागि योगदान पुऱ्याउने शिक्षक कर्मचारी,अभिभावक,पूर्वविद्यार्थी, अक्षयकोषदाता, जग्गादाता लगायत विभिन्न अक्षयकोषदाताबाट स्थापना गरिएका अक्षयकोषबाट सम्बन्धित विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण, एसइई मा सर्वोत्कृष्ट पुरस्कार लगायतका,दिर्घ सेवा एवं विभिन्न विधाका सम्मान तथा शैक्षिक सँगै अतिरिक्त क्रियाकलाप अन्तर्गतका पुरस्कार प्रदान गरिएको थियो ।

कार्यक्रममा विभिन्न सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधि, विद्यालयका अभिभावक,शिक्षक, विद्यार्थी,विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारी, पूर्व विद्यार्थी, अक्षयकोषदाता, जग्गादाता लगायत स्थानीयहरूको उपस्थिति रहेको थियो ।

विद्यार्थी झरना दाहालको स्वागत मन्तव्य रहेको कार्यक्रमको सञ्चालन सहायक प्रधानाध्यापक सोमनाथ लामिछानेले गर्नुभएको थियो ।

# जाडो बढेपछि विद्यालय बन्द

रासस
काठमाडौं, ९ पुस

अत्यधिक जाडो बढेपछि यहाँको बोदे बर्साइन नगरपालिकाले नगरक्षेत्रका सम्पूर्ण विद्यालयलाई चार दिनका लागि बिदा दिएको छ ।

नगरपालिकाका प्रमुख आतेशसिंह यादवका अनुसार नगरपालिकाअन्तर्गतका सबै विद्यालय आजदेखि पुस १३ गतेसम्मका लागि बन्द रहने छ ।

तराई क्षेत्रमा शीतलहरका कारण विगत केही दिनदेखि बढेको अत्यधिक जाडोका कारण जनजीवन प्रभावित हुँदा बालबालिकालाई विद्यालय आउजाउ गर्न असहज हुने भएकाले बिदा दिइएको जारी गरेको सूचनामा उल्लेख छ ।

केही दिनदेखि बढेको शीतलहर र चिसोका कारण सप्तरीसहित तराई-मधेसको जनजीवन कष्टकर बनेको छ ।

# पोखरेबगर-घोडेपानी सडक स्तरोन्नति सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, ९ पुस

यहाँको अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगर देखि पर्यटकीय स्थल घोडेपानी जोड्ने सडक स्तरोन्नति थालिएको छ ।

अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्षमा रु ५० लाख बजेट विनियोजन गरी पोखरेबगर-घार-चित्रे सडक स्तरोन्नति थालेको हो । यो पोखरा देखि मुस्ताङ जोड्ने वैकल्पिक सडक पनि हो । अन्नपूर्ण गाउँपालिका-६ का वडा अध्यक्ष रामबहादुर खड्काले घारको बिरौटा चोक देखि भुन्या खण्डमा ढलान गर्न थालिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सडक ढलान भएपछि घोडेपानी-पुनहिल घुम्न आउने पर्यटकलाई पनि सहज हुनेछ ।"

२१ किलोमिटर दुरीको यो सडकअन्तर्गत चित्रे-घोडेपानी खण्डको तीन किलोमिटर फराकिलो पार्ने, नाली र टेवा पर्खाल बनाएर स्तरोन्नति गर्ने जनाइएको छ ।

पोखरेबगर-बिरौटा खण्डको कुरुमुनी र लुलिया घुम्तीको पहिरो प्रभावित क्षेत्रमा पहिरो रोकथाम र सडक स्तरोन्नति गर्न संघीय सरकारले चालु आर्थिक वर्षमा रु तीन करोड बिनियोजन गरेको छ ।

# १४ औं पोखरा महोत्सवको तयारी तीव्र

**पोखरापत्र संवाददाता**
पोखरा, ९ पुस

१४ औं पोखरा महोत्सवको तयारी तीव्र पारिएको छ। युनाइटेड क्लव पोखराको आयोजनामा आगामी पुषको २९ देखि माघको ११ गते सम्म पोखराको अमरसिंह खेल मैदानमा आयोजना हुने १४ औं पोखराको महोत्सवको तयारी तीव्र पारिएको हो।

महोत्सवको तयारी स्वरुप मंगलबार महोत्सव सम्पन्न गर्न गठित उपसमिति र सल्लाहकार हरूको बैठक सम्पन्न भएको छ। बैठकले महोत्सवलाई सभ्य र भब्य बनाउन सम्पुर्ण एक भएर लाग्ने प्रतिवद्धता जनाएका छन।

सो अवसरमा वोल्दै महोत्स्व सल्लाहकार डा कृष्ण केसीले समय परिस्थिति अनुसार महोत्सव सञ्चालन गर्नुपर्ने बताए। क्लवले गरेको सामाजिक कामको उपलब्धिलाई प्रस्टयाउने गरि महोत्सवमा देखाउन आवश्यक रहेको बताउदै केसीले विभिन्न सरकारी नियकासंग सहकार्य गरेर सेतीनदी संरक्षणका लागि समेत काम गर्नुपर्नेमा जोड दिए। त्यस्तै अमरसिंह माविका निमित्त प्रध्यानाध्यापक सुदिप आचार्यले महोत्सवमा विद्यार्थी आकर्षणका लागि विद्यार्थीले निर्माण गरेका सामाग्री प्रदर्शनलाई समेत समेट्नुपर्ने सुझाव राखे। अर्का सल्लाहकार टीका बहादुर कार्कीले महोत्सव स्थल संधै रहन नसक्ने भएकाले विकल्प खोज्नुपर्ने वताउदै आफू विभिन्न संघ संस्थामा आवद्ध भएकाले अन्य संघ संस्थाहरु संग समेत सहकार्य र समन्वय गरेर अगाडि वढ्न आग्रह गर्दै पोखरालाई चिनाउने गरि काम गर्न जोड दिए।

स्थानीय सरकारले चासो नदिएको सन्दर्भमा महानगरलाई अपनत्व गराउने गरि काम गर्नतर्फ सम्पुर्ण लाग्नुपर्नेमा उनको जोड रहेको थियो। शंकरनाथ पौडेलले लेखनाथ भन्दा उत्कृष्ट महोत्सव पोखरा महोत्सव भएको बताए। राज्यलाई झक्झक्याउने महोत्सव पोखरा महोत्सव भएको वताउदै १४ औं संस्करणको महोत्सवमा लेखनाथ क्षेत्रमा रहेको चिडियाखाना झल्काउने गरी प्रदर्शनीको कार्यक्रम संगै क्लबले अहिले सम्म शिक्षा, स्वास्थ्य, खेलकुद र पर्यटनमा गरेका कामलाई उजागर गर्न आवश्यक रहेको वताए। राम बहादुर पौडेलले वातावरण मैत्रि ढंगले महोत्सव सञ्चालन गर्न आवश्यक रहेको वताए।

महोत्सवको पुर्वसन्ध्यामा सरसफाई कार्यक्रमको तय गरेर कार्यक्रमको अगुवाई गर्ने उनले प्रतिवद्धता जनाए। माधव गौतमले पोखरा महोत्सवमा ३३ वटै वडाबाट समावेस गर्न सके पोखरा महोत्सवको अपनत्व वढ्ने वताए। बलराम ढुंगानले पोखरा महोत्सव सम्पन्न गर्नु सवैको दायित्व भएकाले सम्पुर्णले आआफनो जिम्मेवारी वहन गर्नुपर्नेमा जोड दिए। ईन्दिरा पन्तले पोखरा पर्यटकीय राजधानि संगै साहित्यको राजधानि भएकाले महोत्सवमा साहित्यको कार्यक्रमलाई जोड्नसके महोत्सवमा रौनकता थपिने बताइन। राजेन्द्रराज बस्ताकोटीले पोखरेलीपन झल्कने खालका कार्यक्रम ल्याउन सुझाव दिए। सन्तोष सिग्देलले आकर्षक कलाकार ल्याउन सके महोत्सवमा दर्शकको समेत आकर्षण बढ्ने बताए। लिलाधर अधिकारीले पार्किङको समस्यालाई समाधान गर्न आवश्यक रहेको बताए।

सुवेदार जस बहादुर गुरुङले महोत्सवको उद्घाटनमा आयोजना गरिने झांकी र्यालिलाई ब्यवस्थापन गर्न आवश्यक रहेको बताउदै अमरसिंह स्कुलका संस्थापक मेजर विरसिंह र जग्गादाता देवराज घिमिरेलाई समेत महोत्सवमा स्मरण गर्न आवश्यक रहेको बताए। माधव घिमिरेले महोत्सवलाई सकारात्मक र नकारात्मक रुपमा लिदै स्कुलको मैदान संरक्षणमा समेत लाग्नुपर्नेमा जोड दिए। राजेन्द्र बहादुर कार्कीले १४ औं पोखरा महोत्सवमा समाजकल्याण परिषदको तर्फबाट सहयोग गर्ने वताए। अनिल थापाले क्लवले गरेको कामलाई उजागर गर्न नसकेको वताउदै १४ औं पोखरा महोत्सवमा उजागर गर्नतर्फ जोड दिए। गोविन्द घिमिरेले महोत्सव स्थलको विकल्प आवश्यक रहेको बताए। पवित्रा देवी गुरुङले युनाइटेड क्लवले अनुभव संगालेर अगाडि बढेको युनाईटेड क्लव र पोखराबासी मिलेर अमर सिंह चौरको संरक्षण गर्न आवश्यक रहेको वताईन। १४ औं पोखरा महोत्सवका मुल समारोह संयोजक लोक बहादुर थापाले महोत्सवलाई सभ्य रभब्य वनाउन सम्पुर्णको साथ र सहयोग आवश्यक रहने बताए। संस्थापक अध्यक्ष हिमालय बखेलले महोत्सवका सल्लाहकारहरु ब्याकबोन भएकाले सल्लाहकारको सल्लाहलाई कार्यान्वयन गरेर लैजाने बताए। पोखरा महोत्सवकै कारण पोखरा खुल्ला चिडियाखानाको अभियनता युनाईटेड क्लवनै रहेको र अवको गन्तव्य आवाशिय छात्राबास रहेको उनको भनाइ रहेको थियो।

सरकारी विद्यालय बन्द भईरहेको सन्दर्भमा अर्चलेमा रहेको सामुदायिक विद्यालय संग समन्वय गरेर छात्राबास सञ्चालन गर्ने र छात्राबास संगै क्लबले उत्पादनलाई समेत जोडेर लैजाने गरि कृषि परियोजना समेत सञ्चालन गरेर लैजाने बखेलले बताए। कार्यक्रमको सञ्चालन महासचिव दिनेश सुनारले गरेका थिएभने वरिष्ठ उपाध्यक्ष गणेश तिमिल्सिनाले स्वागत मन्तब्य राखेको कार्यक्रममा सल्लाहकारहरु रामजी प्रसाद बास्तोला, गुप्त बहादुर कार्की लगायतले आ आफ्नो धारणा राखेका थिए।

# भिरालो जग्गामा सुन्तलाखेती, वार्षिक १६ लाख आम्दानी

**पोखरापत्र संवाददाता**
तनहुँ, ९ पुस

तनहुँको सदरमुकाम दमौली बजारबाट सात किलोमिटर दूरीमा रहेको बेनीकोटका एक किसानले बाँझो भिरालो जग्गामा सुन्तलाखेती गरी राम्रो आम्दानी गरेका छन्। अगुवा किसान दलबहादुर थापाले यसवर्ष रु १६ लाखको सुन्तला बिक्री गर्नुभएको छ।

अघिल्लो वर्ष रु १३ लाखको सुन्तला बिक्री गर्नुभएका उहाँले यस वर्ष रु तीन लाख बढी आम्दानी लिएको बताउनुभयो। उहाँले भन्नुभयो, "भिरालो जग्गामा अन्य खेतीभन्दा सुन्तला उपयुक्त हुन्छ भनेपछि यसलाई नै निरन्तरता दिइरहेका छौं। बाबुबाजेले पनि सुन्तलाखेती गर्नुभयो। म पनि त्यसकै निरन्तरतामा छु।" आफू २० वर्षदेखि यसैलाई निरन्तरता दिइरहेको उहाँको भनाइ छ।

भिरालो जग्गा रहेकाले यहाँ अन्य खेती गर्न समस्या भएपछि यहाँका कृषकहरु सुन्तलाखेतीमा लागेको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "मकै, कोदोखेती गर्न त मिल्छ, तर सुन्तला लगाउनका लागि उपयुक्त रहेकाले सबैजना सुन्तलाखेतीमै आबद्ध हुनुहुन्छ।"

थापाले बेनीकोटमा विगत केही वर्षदेखि सुन्तलाका बोट मर्ने समस्या रहेको गुनासो गर्नुभयो। थापाका अनुसार यहाँ उत्पादित सुन्तला काठमाडौं कालीमाटीमा बिक्री गरिन्छ। बजारीकरणको कुनै समस्या नरहेको बताउँदै उहाँले भन्नुभयो, "प्रतिकेजी सुन्तला रु १०० सम्म बिक्री हुने गरेको छ। विगतका वर्षमा रु ९५ सम्म बेच्थ्यौं, यो वर्ष मूल्य केही बढी पाएका छौं।" बेनीकोटका १०० भन्दाबढी कृषक सुन्तलाखेतीमा आबद्ध छन्। यहाँका कृषकले कम्तीमा २० देखि ८०० सम्म सुन्तलाका बोट लगाएका छन्। यहाँका कृषकले रु २० हजारदेखि रु १६ लाखसम्म आम्दानी गर्ने गरेका छन्।

# कोरला नाका जोड्ने घमी खोला पुल अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ९ पुस

नेपाल-चीनको सीमानाका कोरलानाका जोड्ने माथिल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिका-२ स्थित घमी खोलामा निर्माणाधीन पुल अन्तिम चरणमा पुगेको छ।

कालीगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला) सडक आयोजनाले यहाँ निर्माणाधीन घमी खोला पुलको भौतिक प्रगति ८० प्रतिशत पुगेको र चालु आर्थिक वर्षमै सक्नेगरी काम गरिरहेको जनाइएको छ। यहाँस्थित कोरला नाका जोड्ने एक स्पानको ४० मिटर लम्बाइको घमी खोला पुलको ठेक्का सम्झौता २०७५ साल पुस १९ गते भएको थियो। यहाँ पुल निर्माणका लागि हिमढुङ ठोक्कर एण्ड इमोटल जेभीले रु छ करोड ८० लाख लागतमा ठेक्का सम्झौता गरेको थियो। गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्फेल विष्टका अनुसार सडकको काम सकिए पनि पुल निर्माणले लामो समयदेखि हुन सकेको थिएन। घमी खोलामा पुल सम्पन्न भएपछि सवारीसाधन सञ्चालनमा सहज हुने अध्यक्ष विष्टको भनाइ छ। सम्झौताअनुसार विसं २०७८ पुस ९ गते पुल निर्माण भइसक्नुपर्ने थियो। निर्माण कम्पनीले प्रतिकूल मौसम र हिमपातलगायत कारण देखाएर पुल निर्माण अलपत्र पारेको थियो। निर्माण कम्पनीलाई पटकपटक ताकेता गर्दिँदासमेतनिर्माणकम्पनीकार्यस्थलमा नफर्किएपछि निर्माण कम्पनीलाई छ महिनाको अल्टिमेटम दिएर लागतको (०.०५) प्रतिशत जरिवाना लाग्ने गरी दैनिक हर्जाना तोकेको थियो। आयोजना प्रमुख तेजस्वी शर्माका अनुसार कोरला नाका जोड्ने (बेनी-जोमसोम-कोरला)सडकमा १४ वटा पुल सम्पन्न भइसकेका छन्। माथिल्लो मुस्ताङको घमी खोला पुल पनि चालु आवमै सम्पन्न हुनेछ।

# सुन्तलाको कमाइले कर्णकुमारीको पक्की घर

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ पुस

म्याग्दीको बेनी नगरपालिका-३, मरेककी एकल महिला कर्णकुमारी पुर्जा पुनले गत वर्षको सुन्तला बेचेर थाल्नुभएको पक्की घर निर्माण यस वर्षको सुन्तला बिक्रीसँगै सम्पन्न हुँदैछ।

उमेरले ७२ वर्ष पुग्नुभएकी कर्णकुमारीले गत वर्ष सुन्तला बेचेर कमाएको रु १५ लाखसहित आफूसँग बचत रहेको केही रकम खर्चिएर बनाउँदै गरेको ढलान घरमा रङरोगन भइरहेको छ। यस वर्ष उहाँको बारीमा रु १० लाखभन्दा बढीको सुन्तला फलेको छ। कर्णकुमारीले फलाएको सुन्तलाको दुई वर्षको कमाइबाट घर ठडिन्छ। सुन्तलाबाट पर्याप्त आम्दानी हुन थालेपछि उहाँको पहिलो रोजाइमा घर निर्माण परेको हो। यसअघि उहाँको कच्ची घर जिर्ण अवस्थामा रहेको थियो।



श्रीमान्को निधनपछि जोत्ने हलगोरू र काम गर्ने खेताला खोज्न झन्झट लागेर सुन्तलाखेती गर्नुभएकी कर्णकुमारीको बगैचा अहिले पहैंलपुर छ। मकै, कोदो, गहुँजस्ता परम्परागत खेतीबाली लगाउन छाडेर करिब २० वर्ष अगाडि सुन्तलाका केही थान बिरूवा ल्याएर खेती थाल्नुभएकी कर्णकुमारीले पहिलो उत्पादन बेचेर रु एक हजार ६०० कमाउनुभएको थियो। सुन्तलाबाट रु एक सय, रु एक हजार हुँदै रु १५ लाखसम्म बुझ्नुभएको छ। अहिले कर्णकुमारीको १० रोपनी क्षेत्रफलमा सुन्तला बगैंचा फैलिएको छ। कुनै वर्ष रोगले सुन्तला सखाप हुँदा निराश भए पनि हरेस नखाएकी कर्णकुमारीको दैनिकी सुन्तला बगैंचामै बित्ने गरेको छ। "आफ्ना सन्ततिलाई जस्तै गरी सुन्तलाको बोटलाई स्याहार गर्छु, मलाई खुसी दिने यही सुन्तलाका बोट बनेका छन्, बूढेसकालमा पनि मेरो दैनिकी सुन्तलासँगै चलेको छ", उहाँले भन्नुभयो। गत वर्षको तुलनामा कम फले पनि उत्पादनबाट सन्तुष्ट रहेको कर्णकुमारी बताउनुहुन्छ।

रोजगारीको सिलसिलामा अफगानिस्तान पुग्नुभएका श्रीमान्को २०६७ सालमा आतङ्ककारीको आक्रमणबाट निधन भएपछि घर व्यवहार धान्न हम्मेहम्मे परेको कर्णकुमारीले बताउनुभयो। सुन्तलाले दैनिकी सहज बनाएको उहाँको भनाइ छ। सुन्तलाको कमाइले छोरीहरूको शिक्षादीक्षा, विवाहलगायतका घरायसी खर्चसँगै बचतसमेत गरेको कर्णकुमारीले बताउनुभयो। "आफ्नो संसार उजाडिएपछि मलाई बाँच्न सुन्तलाले सिकाएको छ, सुन्तलाले आर्थिक रुपमा बलियो बनाएको छ", कर्णकुमारीले भन्नुभयो। सुन्तलाखेती बूढेसकालको सहारा बनेको छ। घरखर्च चलाउन श्रीमान्, सन्तानमाथि निर्भर हुनुपर्ने अवस्थाको अन्त्य गर्न फलफूल र तरकारीखेती गरे पुग्ने कर्णकुमारीको सुझाव छ। उहाँ मरेक गाउँमा सबैभन्दा धेरै सुन्तला फलाउने कृषकको रुपमा चिनिनुहुन्छ। सुन्तला खरिदका लागि आएका व्यापारीले समेत कर्णकुमारीको बगैंचालाई पहिलो रोजाइमा पार्ने गर्दछन्।

# तीन वर्षभित्र निर्माण सम्पन्न गर्नुपर्ने मादीसेती मोटरेबल पुल पाँच वर्षसम्म बनेन

**पोखरापत्र संवाददाता**
तनहुँ, ९ पुस

पाँचवर्ष बितिसक्दा पनि व्यास नगरपालिका र ऋषिङ गाउँपालिका जोड्ने मादीसेती नदीमाथिको मोटरेबल पुल निर्माण पूरा हुनसकेको छैन।

गण्डकी प्रदेशको महत्त्वपूर्ण मानिएको यस पुल समयमै सम्पन्न नहुँदा स्थानीयवासीले सास्ती भोग्न बाध्य छन्। पुल निर्माणको समय लम्बिँदा आयोजनाको लागत बढ्दै गएको छ। पूर्वाधार विकास कार्यालयका प्रमुख सिनियर डिभिजन इन्जिनियर रवीन्द्रप्रताप तिवारीले निर्माण व्यवसायीलाई निरन्तर ताकेता गरिरहेको जानकारी दिनुभयो।

उहाँका अनुसार पुलको 'स्टिल पार्ट्स' फेब्रिकेसनको काम सकिएको र दुईवटा 'स्पान'मध्ये एउटा यसै आर्थिक वर्षभित्र सक्ने लक्ष्य राखिएको छ। "बाँकी कामका लागि आवश्यक सामग्री भारतबाट आइसकेको छ। हामीले निर्माण कम्पनीलाई २०८२ साल चैत मसान्तसम्ममा काम सक्न निर्देशन दिइसकिएको छ", उहाँले भन्नुभयो, "व्यास र ऋषिङलाई जोड्ने यस पुल हाम्रो समृद्धिको आधार हो। तर पाँच वर्षसम्म पनि अलपत्र हुनु अत्यन्तै दुःखद् पक्ष हो। विकासका काममा हुने यस्तो ढिलासुस्तीले गरिनुहुँदैन।"

गण्डकी प्रदेश सरकारले रु ३२ करोड ४० लाख २७ हजार १९४ को लागतमा निर्माण सम्पन्न गर्नेगरी २०७७ साल मङ्सिर १९ गते रसुवा इलाइट जेभी काठमाडौँसँग सम्झौता भएको थियो। हालसम्म ६५ प्रतिशतमात्र पुलको भौतिक प्रगति भएको छ। निर्माण भइरहेको पुल १५५ मिटर लामो र 'स्टिल ट्रस' प्रकृतिको हुनेछ। तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित २०७७ साल चैत २३ गते शिलान्यास गरिएको भए पनि ठेकेदारको ढिलासुस्ती र विभिन्न बहानामा हालसम्म तीनपटक म्याद थप भइसकेको छ। व्यास नगरपालिका-३ देउराली नगर र ऋषिङ गाउँपालिका-१ झापुटार हुँदै जिल्लाको ग्रामीण मानिएको दक्षिण भेगबाट आवतजावत गर्ने मुख्य पुल हो। पाइल फाउन्डेसनमा आधारित यस पुल ९.५ मिटर चौडा हुनेछ। पछिल्लो समय कार्यालयले कामलाई तीव्रता दिन दबाब दिएपछि निर्माणस्थलमा केही चहलपहल बढेको छ। यद्यपि पटकपटक म्याद थपिने तर काम नहुने प्रवृत्तिले गर्दा तोकिएको नयाँ समयसीमाभित्र पुल सञ्चालनमा आउनेमा स्थानीय अझै चिन्तित बनेका छन्।

# सामुदायिक सेवा केन्द्र बैदामलाई फेवाताल संरक्षण पहलले गऱ्यो कार्यालय सामग्री सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ९ पुस

जेनजी आन्दोलनको क्रममा फेवाताल किनार बैदाममा रहेको सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा बैदामको भवन र कार्यालयका अन्य भौतिक सामाग्री नष्ट भएपछि फेवाताल संरक्षण पहलले कार्यालयलाई चाहिने आवश्यक सामग्री बुधबार हस्तान्तरण गरेको छ।

समुदायमा हुँदै आएका बिकृत, विसंगती नियन्त्रण गर्ने उद्देश्यले स्थापना भएको सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा बैदामको भवन र भौतिक सामाग्रि जेन्जी आन्दोलनका क्रममा आगजनीबाट नष्टभएपछि बैदामका आमा समूहहरु र विभिन्न संघ संस्था र व्यक्तिगत रुपमा पनि सहयोग गरेर भवन पुन निर्माण भएको थियो।

यसै क्रममा बुधवार फेवाताल संरक्षण पहलले कार्यालयलाई चाहिने आवश्यक सामाग्रि कुर्सी, टेवल, ल्यपटप लगायतका १ लाख बराबरका सामाग्री हस्तात्तरण गरेको फेवाताल संरक्षण पहलका अध्यक्ष धर्मराज पहारीले बताए। फेवाताल संरक्षण पहलका अष्ट्रेलिया र नेपालमा रहेका सदस्य तथा शुभचिन्तकहरुको आर्थिक सहयोगमा सामुदायिक सेवा केन्द्रको कार्यालयलाई आश्यक सामाग्रि हस्तान्तरण गरेको हो।

यस अघि जिल्ला प्रहरी कार्यालय कास्कीलाई पनि आर्थिक सहयोग गरेको पहलका अष्ट्रेलियाका संयोजक तथा संस्थापक शंकर कोइरालाले बताए। फेवाताल संरक्षण पहल फेवातालको संरक्षण गर्ने उद्देश्यले अष्ट्रेलियामा बस्ने पोखरेलीको पहलमा स्थापना भएको हो। पहलले फेवातालको सरसफाईमा विभिन्न कार्य गर्दै आएको छ। बेलायतबाट पनि सामुदायिक सेवा केन्द्रको कार्यालयकालागि चाहिने आवश्यक सामाग्रिक लागि सहयोग प्राप्त भएको फेवाताल संरक्षण पहल बेलायतका संयोजक जोनी पहारीले बताए।

अप्ठ्यारो समयमा फेवाताल संरक्षण पहलले कार्यालयलाई चाहिने आवश्यक सामाग्रि सहयोग गरेर समामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा बैदामलाई सामाजिक सेवामालाग्न थप प्रेणा मिलेको समामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा बैदामका अध्यक्ष ठाकुरप्रसाद बरालले बताए। कार्यालय पुन निर्माणमा सहयोग गर्ने बैदामका आमा समूहहरु, विभिन्न संघ संस्थाहरु, व्यक्तिगत रुपमा सहयोग गर्ने र पछिल्लो सायमा कायलयकालागि चाहिने सामान सहयोग गर्ने फेवाताल संरक्षण पहल लगायत सम्पूर्ण संघ,संस्थालाई बरालले धन्यवाद दिए। कार्यालयलाई आवश्यक सामाग्रि हस्तान्तरण कार्यक्रममा बैदाम महिला विकास समाजले पनि आर्थिक सहयोग हस्तान्तरण गरेको थियो।

# रोटरी प्याराडाईजद्वारा घार्मीको गायत्री आविलाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ९ पुस



पोखरा १९ घार्मीमा रहेको गायत्री आधारभुत विद्यालयलाई रोटरी क्लव अफ प्याराडाईजले सहयोग गरेको छ।

सामाजिक क्षेत्रमा क्रियाशील क्लवले बुधवार एक कार्यक्रमका बिच विद्यालयमा अध्ययनरत करिब २० जना विद्यार्थीलाई कपि, कलम सहितका स्टेशनरी सामाग्री वितरण गरेको विद्यालयका प्रधानाध्यापक प्रमिला पौडेलले जानकारी दिईन्। कार्यक्रममा रोटरी क्लवका प्रेसिडेन्ट भोजराज पाण्डे, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्रमणि पौडेल, शिक्षक अभिभावक संघका अध्यक्ष बाबुराम पौडेल लगायतले स्टेशनरी सामाग्री वितरण गरे।

सोही अवसरमा क्लवले विद्यालय परिसरको फोहर संकलनका लागि डस्टविन र दुइ थान ह्वाईट बोर्ड प्रधानाध्यापक प्रमिला पौडेललाई हस्तान्तरण गर्यो। कार्यक्रममा बोल्दै अध्यक्ष पाण्डेले रोटरीले शिक्षा, स्वास्थ्य र वातावरणीय सरसफाईका क्षेत्रमा निरन्तर रुपमा सेवा गर्दै आईरहेको बताए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्रमणि पौडेलले सिवद्यालयको शैक्षिक गुणस्तर बढाउन यस्ता सहयोगले ठुलो भुमिका खेल्ने बताए। प्रधानाध्यापक प्रमिला पौडेलले रोटरीले गरेको सहयोगप्रति आभार व्यक्त गर्दै, शैक्षिक गुणस्तरका लागि विद्यालय प्रतिबद्ध रहेको बताईन्। कार्यक्रममा क्लवका पुर्व प्रेसिडेन्ट देवेन्द्र पराजुली, शिक्षक अभिभावक संघका अध्यक्ष बाबुराम पौडेल लगायतले बोलेका थिए। क्लवका प्रेसिडेन्ट पाण्डेको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव जसिता गुरुले गरेकी थिईन्।